जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ८९ पृष्ठः ४ | २०८३ साउन ११ सोमबार (Monday 27 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## विकासको लागि सहमति र सहकार्य आवश्यक



**जीवछ यादव**

लहान, १० साउन। जहाँ सहमति सहकार्य एकता छ, त्यहाँ विकास भएको देखिएको छ। विकासको लागि सहमति सहकार्य र एकता आवश्यक भएको सरोकारवालाहरुले बताइएका छन्। सिरहाको १७ वटा पालिकाहरुमा १६४ वटै वडाहरुको विकास कार्यलाई अनुगमन गर्दा विकासको लागि सहमति भएका वडाहरुमा ६० देखि ८० प्रतिशत विकास निर्माणको काम भएको जिल्ला समन्वय समिति सिरहाको प्रमुख दिनेश कुमार महतोले बताउनुभयो। उहाँले भन्नुभयो,“ विकास भनेकै सहमति सहकार्य र एकता हो। विकासको लागि सबै दलको बिचमा एकता आवश्यक छ।“ देशकै सबैभन्दा बढी वडा भएको लहान नगरपालिकामा ११, १२, १४, १५, १६, १७, २०, २१, २२ र २४ नम्वर वडाहरुमा सहमति र बजेट फ्रिज नहुँदा विकासले निकै गति लिएको लहान नगरप्रमुख महेश प्रसाद चौधरीले बताउनुभयो। उहाँको अनुसार उपभोक्ता समितिबाट हुने विकास निर्माणको कार्यको लागि गठन हुने उपभोक्ता समिति नै पारदर्शी र विकास निर्माणको कार्यमा विवाद नगरी सहमतिको आधारमा विकास भइरहेको छ। ग्रमीण भेगका अन्य वडाहरुमा सहमति नहुँदा विकासले गति लिन नसकेको उहाँले बताउनुभयो।

विकासको लागि हतारमा असार लागेपछि गठन हुने उपभोक्ता समितिले गर्दा पारदर्शीता र जन सहभागिता हुन नसकिरहेको ठूलो समस्या भएको नागरिक अगुवा दिनेश यादवले बताउनुभयो। “उपभोक्ता समिति माघ फागुन तिर नै गठन गरेर सहमति सहकार्यको वातावरण बनाउन पालिकाहरुबाट पहल नहुनु कमजोरी गर्दा विकासमा तगारो देखिएको छ। यस आर्थिक वर्षमा १७वटै बालिकाहरुको बजेट दुई अर्बभन्दा बढी फ्रिज हुनु बिडम्बना हो“, उहाँले भन्नुभयो।

गणतन्त्र संघियता आएपछि पटक्कै विकास नभएको भाष्य ठिक नभएको प्रध्यापक कन्हैभटको बुझाई छ। “जहाँ सचेत समुदाय छ, त्यहाँ विकास भएकै हो। विकासको लागि सामुदायिक स्तरमा सहजीकरण गर्न नागरिक अगुवाहरुले समेत सकारात्मक भूमिका खेल्न आवश्यक छ, “उहाँले भन्नुभयो

## मधेसमा तीन दलीय गठबन्धन कायम रहने मुख्यमन्त्री यादवको दाबी

जनकपुरधाम, १० साउन। मधेस प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले मधेसमा नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीसहितको तीन दलीय गठबन्धन नै कायम रहने दाबी गरेका छन्। सत्ता साझेदार दलहरू नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीसँगको सम्बन्धमा कुनै खटपट नआएको बताउँदै उनले मधेसमा आफ्नो नेतृत्वको सरकारलाई कुनै समस्या नरहेको प्रस्ट पारे।

मुख्यमन्त्री यादवले राजनीतिमा रातारात धेरै ठुलो परिवर्तन आउन सक्ने भए पनि अहिलेसम्म केन्द्र र प्रदेश तहसम्मको सहमति अनुसार मधेसमा ३ दलकै सरकारले निरन्तरता पाउने बताए। उनले भने, ‘केन्द्रमा अस्ति पुगेर बैठक, छलफल गरेर आएका छौँ। आज बिहान पनि पार्टी हाम्रो पार्टीको सभापतिसँग कुरा भयो। प्रदेशमै मिलाएर लैजानुस् भन्नुभएको छ।’ प्रदेशको सत्ता गठबन्धनमा रहेका दलसँग सहमति भइसकेकाले यही सरकारले निरन्तरता पाउनेमा विश्वस्त रहेको उनले बताए।

आफ्नो पार्टीका केन्द्रीय नेतृत्वले

–बाँकी तीन पेजमा

## सिरहामा धान रोपाइँ सकियो, छैन मल



**शम्भु यादव**

सिरहा, १० साउन। लहान नगरपालिका–१४ बस्तीपुर गाउँका कन्हैया साह एक हप्ता अगाडि आफ्नो धान रोपाइँ सकाए। रोप्न अघि नै सबै धान खेतमा डीएपी मल हाल्न खोजेका थिए। मल नपाएपछि रोपाइँ सकेर हाल्ने सोचे। अहिले उनी मलकै लागि भौतारिरहेका छन्। सोही गाउँ मंगला यादवले सुरुमा पाएका मल हालेर केही धान खेतीमा हाले। बाँकी रोपाइँ सकाएका धान खेतमा मल हाल्न डिलर, वडा कार्यालय र नगरपालिका धाइरहेका छन्। डीएपी मात्रै होइन, युरिया पनि नपाइरहेको उनको गुनासो छ।

वर्षौंदेखि सिरहाका किसानले यही झमेला खेपिरहेका छन्। रोपाइँ गर्छ। समयमा मल पाउँदैन। यसपटक पनि उनीहरूलाई निराश बनाएका छन्। ‘पहिले भारतबाट पनि किसानहरूलाई केही मल ल्याउन दिन्थ्यो। अहिले बोर्डरमा पक्राउ गरिरहेको छ। यता, नेपाल सरकारले चाहिने जति मल उपलब्ध गराउन सकेको छैन,’ लहान–२२ का एक किसानले भने, ‘सरकारले कि मल दिनुपर्‍यो कि त भारतबाट ल्याउन दिनुपर्‍यो। दुवै नभएर निरास बनाएको छ।’

कृषि सामग्री लिमिटेड कम्पनी लहानका अनुसार सिरहामा आर्थिक

–बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सर्पदंशपछि मृत्यु, व्यवस्थामाथि प्रश्न

सर्पदंशका कारण एक बालकको उपचारका क्रममा मृत्यु भएपछि सिरहाको भगवानपुर गाउँपालिका यतिबेला तनावग्रस्त बनेको छ। उपचारमा ढिलाइ भएको, समयमै एम्बुलेन्स उपलब्ध नगराइएको तथा जिम्मेवार निकायले संवेदनशीलता नदेखाएको आरोपसँगै स्थानीयवासी आन्दोलित भएका छन्। घटनाले एउटा बालकको ज्यान गुम्नु मात्रै होइन, ग्रामीण स्वास्थ्य सेवा, आपत्कालीन उपचार प्रणाली र स्थानीय तहको जिम्मेवारीमाथि गम्भीर प्रश्नसमेत खडा गरेको छ।

सप्तरीको बलान बिहुल गाउँपालिकाका अरुण मण्डलका छोरा रोशन मण्डललाई सर्पले टोकेपछि तत्काल उपचारका लागि सिरहाको भगवानपुर गाउँपालिका–४, कल्याणपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याइएको थियो। स्थानीयका अनुसार प्रारम्भिक उपचारपछि बिरामीलाई थप उपचारका लागि उच्चस्तरीय स्वास्थ्य संस्थामा तत्काल रिफर गर्नुपर्ने अवस्था भए पनि त्यसमा ढिलाइ भएको थियो। यही ढिलाइले बालकको ज्यान गएको भन्दै मृतकका आफन्त तथा स्थानीयवासीले आक्रोश व्यक्त गरेका छन्।

घटनालाई अझ गम्भीर बनाउने पक्ष भनेको एम्बुलेन्स व्यवस्थापनलाई लिएर उठेको आरोप हो। स्थानीयका अनुसार एम्बुलेन्स चालकले गाउँपालिका अध्यक्ष उग्र नारायण यादवको अनुमति बिना एम्बुलेन्स सञ्चालन गर्न नमिल्ने जानकारी दिएपछि बिरामीलाई समयमै अस्पताल लैजान नसकिएको दाबी गरिएको छ। यदि यस्तो आरोप सत्य हो भने यो केवल प्रशासनिक कमजोरी मात्र होइन, मानवीय संवेदनशीलताको गम्भीर अभावको उदाहरण हुनेछ। आपत्कालीन स्वास्थ्य सेवामा कुनै पनि प्रकारको अनावश्यक प्रशासनिक प्रक्रिया वा अनुमति प्रणालीले बिरामीको जीवन जोखिममा पार्न नहुने विज्ञहरूको भनाइ रहँदै आएको छ।

बालकको मृत्यु भएपछि आक्रोशित स्थानीयले प्राथमिक स्वास्थ्य केन्द्रमा तोडफोड गर्नुका साथै हुलाकी सडक अवरुद्ध गरेका छन्। टायर र दाउरा बालेर गरिएको सडक अवरोधका कारण यातायात सेवा पूर्ण रूपमा प्रभावित भएको छ। घटनापछि स्थानीयको आक्रोश केवल एउटा परिवारको पीडामा सीमित नरही समग्र स्वास्थ्य सेवा प्रणालीप्रतिको असन्तुष्टिका रूपमा देखिएको छ।

स्थानीयवासीका अनुसार बिहान ११ बजे गाउँपालिका अध्यक्षसँग वार्ता गर्ने सहमति भएको थियो। तर अध्यक्ष वार्तास्थलमा उपस्थित नभएपछि आन्दोलन थप चर्किएको बताइएको छ। आन्दोलनका अगुवा प्रविन्द यादव र इन्दल मण्डलले अध्यक्ष वार्तामा नआएको भन्दै असन्तुष्टि जनाएका छन्। वार्तामार्फत समस्या समाधान हुने अपेक्षा गरिरहेका स्थानीय निराश बनेपछि विरोध झनै उग्र बनेको देखिन्छ।

नेपालका ग्रामीण क्षेत्रमा सर्पदंश अझै पनि वर्षायाममा प्रमुख जनस्वास्थ्य समस्याका रूपमा रहँदै आएको छ। विशेषगरी तराई क्षेत्रमा प्रत्येक वर्ष सर्पदंशका कारण धेरै मानिस प्रभावित हुने गरेका छन्। यस्ता घटनामा उपचारको पहिलो एक घण्टा अत्यन्त महत्वपूर्ण मानिन्छ। विषालु सर्पले टोकेको अवस्थामा समयमै एन्टिभेनम उपचार उपलब्ध गराउन नसक्दा मृत्युको जोखिम अत्यधिक बढ्ने चिकित्सकहरू बताउँछन्। त्यसैले प्राथमिक स्वास्थ्य केन्द्रमा आवश्यक औषधि, प्रशिक्षित स्वास्थ्यकर्मी, पर्याप्त एम्बुलेन्स सेवा र स्पष्ट आपत्कालीन कार्यविधि अनिवार्य हुनुपर्छ।

यस घटनाले स्थानीय सरकारको स्वास्थ्य व्यवस्थापन क्षमता पनि परीक्षणमा परेको छ। संघीय संरचनापछि स्थानीय तहलाई आधारभूत स्वास्थ्य सेवाको महत्वपूर्ण जिम्मेवारी दिइएको छ। त्यसअनुसार गाउँपालिकाले आपत्कालीन स्वास्थ्य सेवा, एम्बुलेन्स सञ्चालन, आवश्यक जनशक्ति तथा स्रोत–साधनको प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्नुपर्ने दायित्व वहन गर्छ। कुनै पनि प्रशासनिक कमजोरी वा समन्वयको अभावका कारण नागरिकले ज्यान गुमाउनुपर्ने अवस्था स्वीकार्य हुन सक्दैन।

साथै, आन्दोलनका क्रममा सार्वजनिक सम्पत्तिमा भएको तोडफोड पनि समाधानको उपाय होइन। पीडित परिवारलाई न्याय दिलाउने र दोषीमाथि कानुनी कारबाही गर्ने प्रक्रिया राज्यले अघि बढाउनुपर्छ भने स्थानीयले पनि शान्तिपूर्ण ढंगबाट आफ्नो आवाज उठाउनु आवश्यक छ। हिंसात्मक विरोधले समस्या समाधानभन्दा थप जटिलता सिर्जना गर्ने भएकाले सबै पक्ष संयमित हुन जरुरी छ।

भगवानपुरको यो घटनाले स्वास्थ्य सेवामा उत्तरदायित्व, पारदर्शिता र संवेदनशीलताको खाँचो पुनः उजागर गरेको छ। एउटा बालकको मृत्यु केवल एउटा परिवारको अपूरणीय क्षति मात्र होइन, राज्यको स्वास्थ्य प्रणालीका कमजोरीमाथिको चेतावनी पनि हो। निष्पक्ष अनुसन्धान, दोषीमाथि आवश्यक कारबाही, पीडित परिवारलाई न्याय तथा ग्रामीण स्वास्थ्य सेवा सुदृढीकरणका लागि तत्काल सुधारका कदम चालिए मात्र यस्ता दुःखद घटना दोहोरिनबाट रोक्न सकिनेछ।

# करले होइन, उत्पादनले बन्छ देश : नेपाललाई किन नयाँ आर्थिक दर्शन चाहिन्छ ?

**डा. निर्मल कँडेल**

नेपाल सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि २१ खर्ब २४ अर्ब रुपैयाँको बजेट आर्थिक पुनरुत्थान, लगानी र रोजगारीको आधारका रूपमा प्रस्तुत गरेको छ। तर स्वास्थ्य, शिक्षा, विद्युत् र यातायातजस्ता सेवा–सुविधामाथि कर लगाउने नीतिले गम्भीर प्रश्न उठाएको छ, वित्तीय नीति दीर्घकालीन आर्थिक रूपान्तरणभन्दा तत्काल राजस्व संकलनतर्फ केन्द्रित हुँदै गएको हो कि ?

व्यापक विरोधपछि फेसबुकमार्फत स्वास्थ्य र शिक्षामा लगाइएको 'समता कर' हटाइए पनि बहस एउटा कर फिर्तामा सीमित हुनु हुँदैन। संविधानले समाजवादउन्मुख अर्थतन्त्रको परिकल्पना गर्दा किन करको भार सर्वसाधारणतर्फ सर्दै छ ? किन उत्पादन र उत्पादकत्वभन्दा ऋणमा आधारित विकासलाई प्राथमिकता दिइँदै छ ? किन स्वास्थ्य, शिक्षा, विद्युत् र यातायातजस्ता आधारभूत सेवालाई मानव पुँजीमा लगानीभन्दा राजस्वको स्रोत मानिँदै छ ? यी प्रश्नले यो बजेट मात्र होइन, नेपालको भावी आर्थिक दिशासमेत निर्धारण गर्नेछन्।

**ऋणमा अडिएको बजेट**

कुल बजेट अनुमानित जीडीपीको करिब २८.५ प्रतिशत हो। यसमध्ये ५९.८ प्रतिशत चालु, २०.३ प्रतिशत पुँजीगत र १९.९ प्रतिशत वित्तीय व्यवस्थापनमा छुट्याइएको छ। सरकारले १४ खर्ब ५ अर्ब रुपैयाँ राजस्व र करिब ६१.७ अर्ब वैदेशिक अनुदानबाट जुटाउने लक्ष्य राखेको छ भने करिब ६ खर्ब ५७ अर्ब रुपैयाँ ऋण– ४ खर्ब १० अर्ब आन्तरिक र २ खर्ब ४७ अर्ब वैदेशिक–बाट जुटाइनेछ। आईएमएफले आर्थिक वर्ष २०२६/२७ मा सरकारी खर्च जीडीपीको २४.९ प्रतिशत र खुद ऋण/घाटा ३.३ प्रतिशत जीडीपी रहने प्रक्षेपण गरेको छ। अर्थात् बजेटको ठूलो हिस्सा ऋणबाट वित्तपोषण हुने संरचना कायम छ।

ऋण आफैँमा समस्या होइन। ऋणले उत्पादन, सम्पत्ति र आर्थिक प्रतिफल सिर्जना गरेर भविष्यमा तिर्ने क्षमता बढाउँछ भने त्यो विकासको साधन हो। अन्यथा, त्यो भविष्यका पुस्तामाथि सारिएको करको बोझ बन्छ। ग्रीस, श्रीलंका, अर्जेन्टिना र लेबनानले अत्यधिक ऋण, कमजोर वित्तीय अनुशासन र न्यून उत्पादकत्वको जोखिम देखाइसकेका छन्। समस्या ऋणमा होइन, त्यसको उपयोगमा हो।

नेपालमा पनि ऋणबाट बनेका सडक, सिँचाइ, ऊर्जा वा मेलम्चीजस्ता आयोजना वर्षौं ढिलो हुने, लागत बढ्ने र अपेक्षित प्रतिफल नआउने हो भने आजको ऋण भोलिको विकास होइन, करदाताको दायित्व बन्छ। ऋणले उत्पादन, रोजगारी, निर्यात, मानव पुँजी र राष्ट्रिय आय बढाएन भने बाह्य वित्तीय निर्भरता बढ्छ। दीर्घकालमा यसले आर्थिक निर्णयको स्वतन्त्रता कमजोर पार्दै वित्तीय उपनिवेशीकरण (Financial Colonisation) को जोखिमसमेत निम्त्याउन सक्छ। त्यसैले ऋणको सफलता त्यसको मात्राले होइन, त्यसबाट सिर्जित उत्पादकता र प्रतिफलले मापन हुनुपर्छ।

**करको भार कसको काँधमा ?**

कुनै पनि कर प्रणालीले सरकारको आर्थिक दर्शन झल्काउँछ। प्रगतिशील करले बढी आम्दानी हुनेबाट बढी योगदान माग्छ भने प्रतिगामी करले आधारभूत सेवामा भार थपेर कम तथा मध्यम आय भएका नागरिकलाई तुलनात्मक रूपमा बढी असर गर्छ। स्वास्थ्य र शिक्षामा प्रस्तावित ३ प्रतिशत 'समता कर' फिर्ता हुनु सकारात्मक हो, तर प्रस्ताव आफैँले आधारभूत सेवालाई राजस्वको स्रोतका रूपमा हेर्ने सोच देखायो।

शिक्षाको अवस्था पनि फरक छैन। दक्षिण एशियाभर परिवारले विद्यालय शुल्क, पुस्तक, पोसाक, यातायात, परीक्षा र निजी ट्युसनमा ठूलो रकम खर्च गर्छन्। गरिब परिवारका लागि शिक्षा उपभोग होइन, गरिबीबाट बाहिर निस्कने सबैभन्दा महत्वपूर्ण लगानी हो। त्यसैले शिक्षामा कर थप्नु सामाजिक गतिशीलतामै कर लगाउनु हो। विद्युत् पनि विलासिता होइन। किसानको सिँचाइ, साना उद्योग, घरेलु उद्यम, डिजिटल व्यवसायदेखि विद्यार्थीको अध्ययनसम्म यो आधारभूत उत्पादनशील साधन हो। ५० युनिटभन्दा माथिको विद्युत् उपभोगमा ५ प्रतिशत भ्याटले बिल मात्र बढाउँदैन, उत्पादन लागत र महँगी बढाउँदै साना व्यवसायको प्रतिस्पर्धात्मक क्षमता घटाउँछ।

त्यस्तै, राइड–सेयरिङमा ५ प्रतिशत भ्याट सुविधा कर मात्र होइन, श्रमको गतिशीलतामाथिको कर हो। विद्यार्थी, कर्मचारी, महिला, पर्यटक, डेलिभरी सेवा र हजारौँ युवा यस्ता सेवामा निर्भर छन्। यातायात महँगिँदा रोजगारी खोज्ने लागत, साना व्यवसायको सञ्चालन खर्च र शहरी अर्थतन्त्रको लागत बढ्छ। अर्थात् शिक्षा, विद्युत् र यातायातमाथिको अतिरिक्त कर अन्ततः नागरिकको अवसर, उत्पादन र आर्थिक गतिशीलतामाथिकै भार हो।

अर्कोतर्फ, उच्चतम व्यक्तिगत आयकर ३९ प्रतिशतबाट २९ प्रतिशतमा झारिएको छ र कर नलाग्ने वार्षिक आय सीमा ५ लाखबाट १० लाख पुऱ्याइएको छ। औद्योगिक कच्चा पदार्थमा भन्सार र धेरै वस्तुमा अन्तःशुल्क घटाइएको छ। यीनको आफ्नै औचित्य हुन सक्छ, तर मूल प्रश्न हो, करको भार कसले बोक्छ ?

उच्च आय समूहको प्रत्यक्ष कर घटाउँदै स्वास्थ्य, शिक्षा, विद्युत् र यातायातबाट थप राजस्व खोज्दा भार अप्रत्यक्ष करतर्फ सर्छ। करको दर सबैका लागि समान भए पनि वास्तविक प्रभाव समान हुँदैन, किनकि कम आय भएका परिवारले आम्दानीको ठूलो हिस्सा आधारभूत आवश्यकतामै खर्च गर्छन्। त्यसैले यो बहस करको मात्र होइन, आर्थिक न्यायको हो।

**अत्यावश्यक सेवामा करको लुकेको मूल्य**

अर्थशास्त्रअनुसार अत्यावश्यक वस्तु तथा सेवामा लाग्ने अप्रत्यक्ष कर बलियो सामाजिक सुरक्षाले सन्तुलन नगरेसम्म सामान्यतः प्रतिगामी हुन्छ। यसको प्रभाव बिल बढ्नुमा मात्र सीमित हुँदैन, यसले परिवारको आर्थिक प्रतिरोध क्षमता (Household Resilience) कमजोर बनाउँछ।

बिरामी, बेरोजगारी वा आकस्मिक खर्च आउँदा कमजोर आर्थिक अवस्था भएको परिवार ऋण लिन, सम्पत्ति बेच्न वा बालबालिकाको शिक्षा रोक्न बाध्य हुन सक्छ। विश्व स्वास्थ्य संगठन र विश्व बैंकका अनुसार विश्वमा करिब २ अर्ब मानिस स्वास्थ्य खर्चका कारण आर्थिक कठिनाइमा पर्छन्, एक अर्बभन्दा बढीले विनाशकारी स्वास्थ्य खर्च व्यहोर्छन् र करिब १३ करोड मानिस स्वास्थ्य खर्चकै कारण गरिबीमा धकेलिन्छन्। यस्तो अवस्थामा स्वास्थ्यलाई थप राजस्वको स्रोतभन्दा मानव पुँजीमा लगानीका रूपमा हेर्नु आवश्यक छ।

**गरिबीको गुणक प्रभाव**

बजेट बनाउँदा सरकारहरूले प्रायः सोध्छन्, यो करबाट कति राजस्व उठ्छ ? तर अर्को प्रश्न अझ महत्वपूर्ण छ, यसले कति परिवारलाई आर्थिक रूपमा असुरक्षित बनाउँछ ? यही प्रश्नले राम्रो र खराब बजेटबीचको फरक छुट्याउँछ। परिवार एउटा कर वा एउटा रोगले मात्र गरिब हुँदैन। विद्युत्, यातायात र शिक्षाको खर्च बढ्छ परिवारको सदस्य बिरामी पर्छ, रोजगारी गुम्छ वा खेती बिग्रन्छ। त्यसपछि बचत सकिन्छ, ऋण र ब्याज बढ्छ, सम्पत्ति बेच्नुपर्ने हुन्छ र बालबालिकाको शिक्षा प्रभावित हुन्छ। गरिबीको रेखाभन्दा अलि माथि रहेको परिवार क्रमशः त्यसभन्दा तल झर्छ। यसलाई म गरिबीको गुणक प्रभाव (Poverty Multiplier) भन्छु।

नेपालमा सीमित सामाजिक सुरक्षा, स्वास्थ्य र शिक्षामा उच्च पारिवारिक खर्च तथा ठूलो अनौपचारिक श्रम बजारका कारण यस्तो जोखिम अझ गम्भीर छ। त्यसैले बजेटको सफलता राजस्व, घाटा वा जीडीपी ले मात्र होइन, कति परिवारलाई गरिबीमा झर्नबाट जोगायो भन्ने आधारमा पनि मापन हुनुपर्छ।

**श्रीलंका र रुवान्डाबाट पाठ**

श्रीलंकाको बढ्दो वित्तीय घाटा, अत्यधिक ऋण, कमजोर राजस्व र असंगत नीतिले गम्भीर आर्थिक संकट निम्त्यायो। नेपाल र श्रीलंकाको अवस्था फरक छ, तर पाठ स्पष्ट छ, उत्पादकत्व र आन्तरिक राजस्व नबढाई दीर्घकालीन ऋण निर्भरता टिक्दैन।

रुवान्डाले फरक बाटो देखाएको छ। स्वास्थ्य, शिक्षा, कृषि, डिजिटल रूपान्तरण र सामाजिक सुरक्षामा लगानीसँगै उसले आन्तरिक राजस्व पनि बलियो बनाएको छ। आर्थिक वर्ष २०२६/२७ को बजेटमा करिब ६३ प्रतिशत आर्थिक र २२ प्रतिशत सामाजिक रूपान्तरणमा छुट्याइएको छ। नेपालले रुवान्डाको मोडल नक्कल गर्नुपर्दैन, तर एउटा पाठ लिन सक्छ, दिगो समृद्धि नागरिकमाथि करको भार थपेर होइन, नागरिकको उत्पादनशील क्षमतामा लगानी गरेर निर्माण हुन्छ।

**नव–समाजवादी पुँजीवादतर्फ**

नेपालको संविधानले समाजवादउन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ। आजको आवश्यकता राज्यको पूर्ण नियन्त्रण वा सामाजिक उत्तरदायित्वविहीन पुँजीवाद होइन, बजारको गतिशीलता र सामाजिक न्यायबीचको सन्तुलन हो। यसैलाई म नव–समाजवादी पुँजीवाद ( Neo–Socialist Capitalism) भन्छु।

यसको सिद्धान्त सरल छ, बजारले सम्पत्ति सिर्जना गरोस्, राज्यले त्यसको लाभ समाजभर न्यायपूर्ण रूपमा पुग्ने सुनिश्चित गरोस्। कर प्रणाली प्रगतिशील हुनुपर्छ। स्वास्थ्य, शिक्षा, आधारभूत विद्युत् र यातायातलाई संरक्षण गर्दै राजस्व उच्च आय र सम्पत्ति, विलासी उपभोग, सट्टेबाजीबाट हुने लाभ, वातावरणीय क्षति, एकाधिकार र आकस्मिक (Windfall) नाफाबाट बढाइनुपर्छ। सार्वजनिक ऋण नियमित खर्चभन्दा उत्पादनशील लगानीमा केन्द्रित हुनुपर्छ।

यसको केन्द्रमा मैले प्रस्ताव गरेको गरिबी प्रतिरोध क्षमता सिद्धान्त छ। बजेटको सफलता जीडीपी वृद्धि, घाटा वा कर संकलनले मात्र होइन, आर्थिक धक्का पर्दा सामान्य परिवारलाई गरिबीमा झर्नबाट कति जोगाउन सक्यो भन्ने आधारमा पनि मापन हुनुपर्छ। आर्थिक नीतिको लक्ष्य अधिकतम राजस्व मात्र होइन, अधिकतम आर्थिक प्रतिरोध क्षमता हुनुपर्छ।

**बजेटले असुरक्षा होइन, विश्वास निर्माण गर्नुपर्छ**

नेपालको पछिल्लो बजेट केही करको विवादभन्दा ठूलो विषय हो। करको उद्देश्य सरकारी खर्च धान्नु मात्र होइन, न्यायपूर्ण स्रोत परिचालन, उत्पादनशीलता प्रवर्द्धन र नागरिकलाई टार्न सकिने आर्थिक संकटबाट जोगाउनु पनि हो। इतिहासले देखाउँछ, देश अत्यधिक कर लगाएर समृद्ध हुँदैन, मानव

–बाँकी तीन पेजमा

# ‘अम्लेखगञ्ज–रक्सौल रेल्वे र चिनी मिलको जग्गा सरकारी जमिनमा बस्नेहरूलाई वितरण गर्न सकिन्छ’

बारा, १० साउन। सरकारले वीरगञ्ज चिनी मिल र अम्लेखगञ्ज–रक्सौल रेल्वेको सरकारी जग्गाको धनीपुर्जा वितरण गर्न सकिने जनाएको छ। स्थानीय भूमि समस्यासम्बन्धी अन्तरक्रिया कार्यक्रममा भूमि समस्या समाधान समितिका केन्द्रीय अध्यक्ष बलभद्र बास्तोलाले अम्लेखगञ्ज–रक्सौल रेल्वेको सार्वजनिक तथा सरकारी जग्गामा बसोबास गर्नेहरूलाई धनीपुर्जा वितरण गर्न सकिने बताएका हुन्।

अध्यक्ष बास्तोलाले हालको भूमिसम्बन्धी नियमावलीले औद्योगिक क्षेत्रको जग्गा दिन मिल्ने व्यवस्था गरेकाले चिनी मिलको जग्गा पनि वितरण गर्न सकिने दाबी गरे। ‘चिनी मिलको जग्गा उद्योग मन्त्रालय मातहत छ, मन्त्रालयको सहमति लिएर हामी जग्गा वितरण गर्न सक्छौँ,’ उनले भने। तत्कालीन वीरगञ्ज चिनी कारखानाको नाममा बारा, पर्सा, रौतहट र काठमाडौँमा गरी १ हजार २ सय बिगाहाभन्दा बढी सरकारी जग्गा छ। जसमध्ये २०६३ सालको मन्त्रिपरिषद् निर्णयबाट ८ सय ३३ बिगाहा जग्गा विशेष आर्थिक क्षेत्र प्राधिकरण (सिमरा सेज) को नाममा कायम भइसकेको छ।

त्यस्तै, पर्सा जिल्लामा रहेको ६४ बिगाहामध्ये १० बिगाहा जग्गा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्ज (२ बिगाहा), सशस्त्र प्रहरी (६ बिगाहा), सरकारी वकिल कार्यालय (१ बिगाहा) र कोष तथा लेखा नियन्त्रक कार्यालय (१ बिगाहा) ले भोगचलन गर्दै आएका छन्। बाँकी जग्गामा भने चिनी मिलको आवास क्षेत्र छ।

यता, अम्लेखगञ्ज–रक्सौल रेल्वेअन्तर्गत बाराको अम्लेखगञ्ज, सिमरा, जीतपुर, परवानीपुर र पर्साको वीरगञ्ज महानगरभित्र गरी १ हजार ७ सय बिगाहा सरकारी जग्गा छ। समिति अध्यक्ष बास्तोलाले सो रेल्वेको जग्गामा बसोबास गर्ने सबैलाई बसोबासका आधारमा धनीपुर्जा वितरण गरिने बताएका छन्। यद्यपि, उक्त जग्गामा कति हजार घरधुरी बसोबास गर्छन् भन्ने आधिकारिक तथ्याङ्क भने उपलब्ध छैन।

अर्कोतर्फ, नापी कार्यालय सिमराका प्रमुख राधेश्याम साहले भने सरकारले रेल्वेको सरकारी जग्गा वितरण गर्ने निर्णय गर्नु दुःखद भएको टिप्पणी गरेका छन्। रेल्वेको जग्गा खाली गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पत्राचार गरिरहेको अवस्थामा सरकारले यस्तो निर्णय गर्न नसक्ने उनको भनाइ छ। ‘रेल्वेको सरकारी जग्गा १७ सय बिगाहाभन्दा बढी छ। सरकारले यो जग्गाको लालपुर्जा बाँड्ने निर्णय गर्नु राम्रो होइन,’ साहले भने।

अध्यक्ष बास्तोलाले सुकुमबासी र अव्यवस्थित बसोबासीका लागि राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र, राष्ट्रिय वन, विद्यालय तथा क्याम्पसको जग्गा वितरण गर्न कानुन संशोधनको तयारी भइरहेको जानकारी दिए। ‘भूमिसम्बन्धी ऐन र नियमावलीमा मात्र लेखेर पुगेन, सम्बन्धित कानुनहरू नै संशोधन गरेर यो समस्या एकपटकका लागि हल गर्न राष्ट्रिय निकुञ्ज र वन ऐनसम्बन्धी कानुन संशोधन हुँदैछ,’ उनले भने।

पछिल्लो सरकारले भूमिहीन, सुकुमबासी र अव्यवस्थित बसोबासीको लगत संकलन सुरु गरेपछि जीतपुरसिमरा उपमहानगरपालिकामा १३ हजार जनाले फारम भरेका छन्। सरकारले नगरपालिकाभित्र सुकुमबासी र अव्यवस्थित बसोबासीका हकमा घडेरीका लागि ७ धुर २ कनुवा र कृषि प्रयोजनका लागि १ बिगाहा ९ कट्ठा १० धुर जग्गा भोगचलन गर्न पाइने जनाएको छ। सोभन्दा बढी जग्गा भोगचलन गर्नेको हकमा सरकारले जग्गा फिर्ता लिनेछ।

समितिका अध्यक्ष बास्तोलाका अनुसार अव्यवस्थित बसोबासीले धनीपुर्जा प्राप्त गर्न ८ देखि २०० प्रतिशतसम्म राजस्व बुझाउनुपर्नेछ। यद्यपि, वन, मठमन्दिर, जोखिमयुक्त बस्ती र महत्वपूर्ण क्षेत्रको जग्गामा बसेकाहरूलाई भने पुर्जा दिन नसकिने उनले स्पष्ट पारे।

## सिरहामा धान ...

वर्ष ०८२/८३ मा ९ हजार ८८६ मेट्रिक टन युरिया, ९ हजार ७ सय ९ मेट्रिन टन डीएपी र ३११ मेट्रिक टन पोटास रासायनिक मल वितरण गरेका छन्। सिरहामा कम्तीमा सबै किसानलाई पुग्ने जति नभए पनि थोरबहुत पुग्न २१ हजार मेट्रिक टन युरिया, १५ हजार मेट्रिन टन डीएपी चाहिने हो त्यति आएको छैन। शाखा प्रबन्धक चेबनकुमार खड्काअनुसार चालु आर्थिक वर्ष ०८३/८४ को अहिलेसम्म १ हजार २५ युरिया र ६ सय ५५ मेट्रिक टन डीएपी आएको छ। हामीले कोटा लगाएर स्थानीय तहहरूमा पठाइसकेको जानकारी गराए। एक हप्तापछि फेरि मल आउने उनले सुनाए। उनका अनुसार डीएपी २२ सय ७२ रुपैयाँ ५० पैसा बोरा, ८ सय २२ रुपैयाँ ५० पैसा बोरा युरिया र १ हजार ६ सय ७५ रुपैयाँ ५० पैसा मल बिक्री हुने गर्छ। जसमा ढुवानी जोडेर डिलरहरूले केही रकम थपेर बिक्री वितरण गर्ने गरेको छ।

अनुदानमा आउने मलमा ७० प्रतिशत कृषि सामग्री र ३० प्रतिशत साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले बिक्री वितरण गर्ने गर्छ। साल्ट ट्रेडिङ लहानका प्रमुख जितेन्द्र साहका अनुसार आर्थिक वर्ष ०८२/८३ मा सिरहामा ४७ हजार ३ सय ७४ बोरा युरिया मल आएको थियो। जसबाट ४४ हजार ८ सय ७९ बोरा वितरण भइसकेको छ। २७ सय ९५ बोरा प्रक्रियामा छ। ६३ हजार ७ सय ६६ बोरा डीएपीबाट ६३ हजार ३ सय १६ बोरा बिक्री भइसकेको उनले बताए।

शाखा प्रमुख साहका अनुसार सिरहामा १ लाख ७२ हजार बोरा युरिया र ९० हजार बोरा डीएपी मलको माग छ। तर, मागबमोजिम उपलब्ध छैन। चालु आर्थिक वर्ष ०८३/८४ मा अनुमानित २२ हजार बोरा डीएपी मल आउने अनुमान रहेको उनले सुनाए। सिरहामा ७२ हजार ३ सय हेक्टर खेतियोग्य जग्गा छ। जसमध्ये ५४ हजार हेक्टर धान रोपाइँ हुन्छ। अहिलेसम्म करिब ९४ प्रतिशत ५० हजार ७ सय ६० हेक्टर रोपाइँ भइसेको छ। कृषि ज्ञान केन्द्र सिरहाका प्रमुख किसुनदेव राउतका अनुसार रोपाइँ सकिए पनि किसानहरूले रसायनिक मल पाएको छैन।

**सांसदको चासो, पालिका अध्यक्षको गुनासो**

राष्ट्रिय स्वतन्त्र पार्टीका सिरहा–१ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित पूर्वखेलकुदमन्त्री बब्लु गुप्ता अहिले आफ्नो क्षेत्रका केही वडाहरूमा घुमफिर गरिरहेको छ। स्थानीय किसानहरूले समयमै मल नपाएको गुनासो गरेपछि उनी कृषि सामग्री कार्यालय पुगे। कुन पालिकामा कति मल गएको विवरण लिए। उनी आफ्नो सामाजिक संजाल फेसबुक र सचिवालयमार्फत मल खाद्य रहेको जनाए। त्यही हेरेर नवराजपुर गाउँपालिकाका अध्यक्ष शिव उदगार यादवले कृषि सामग्री पुगेर हजारौं युरिया/डीएपी मलखाद्य माग गरे। उनले पाएनन्।

‘किसानहरूलाई चाहिने मलभन्दा आधी मल पनि आउँदैन तर, यहाँ जनप्रतिनिधिहरूले मल रहेको भन्दै किसानहरूलाई ढाढ्स दिन्छ,’ किसान अगुवा संजय यादवले भने, ‘सरकारले समय मल पाउने व्यवस्था गर्नुपर्छ। ढाट्ने काम नहोस्।’

## मधेसमा तीन...

प्रतिपक्षविहीन प्रदेश सरकारको परिकल्पना गर्न नसकिने भनेर तीन दलीय गठबन्धन अस्वीकार गरे पनि मधेसको हकमा त्यो लागु नहुने मुख्यमन्त्री यादवले प्रस्ट पारे। अन्य प्रदेशमा यिनै तीन दलमध्ये कुनै एउटा दल बलियो प्रतिपक्ष रहेको जिकिर गर्दै उनले मधेसमा कांग्रेस, एमाले र नेकपा नै सरकारमा जाँदासमेत जसपा नेपाल बलियो प्रतिपक्षका रूपमा रहेकाले यहाँ तीन दलीय गठबन्धन बनाउनु केन्द्रको नीति विपरीत नरहने पनि प्रस्ट पारे।

उनले भने, ‘मधेसमा प्रतिपक्ष बलियो छ, प्रतिपक्ष लगायत सबैको सहमतिमा हामीले बजेट पारित गरेका छौं।’ मुख्यमन्त्री यादवले मधेसमा यही सरकारले निरन्तरता पाउने दाबी गर्दै अगाडि भने, ‘गठबन्धनमा रहेका दलहरू बिच पनि पहिले नै सहमति भइसकेको छ।’ रातारात केही भए अर्कै कुरा, अन्यथा अहिलेसम्मको सिनारियोले मधेसमा अन्य प्रदेशजस्तो सरकार ढल्ने या परिवर्तनको सम्भावना नरहेको उनले प्रस्ट पारे।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशन सम्बन्धी सूचना

**यस** JIANGSU LONGHUI INTELLIGENT TECHNOLOGY CO., LTD **बाट पैठारी गरेका देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्रीमूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

| S.No. | Particular | Brand | Model | Capacity | Origin | Unite | Rate |
|---|---|---|---|---|---|---|---|
| 1 | Electric Rikshaw without Battery | Green Motors | E5 | 3000W | China | Set | 207,000.00 |
| 2 | Electric Rikshaw without Battery | Green Motors | E6L | 3000W | China | Set | 269,000.00 |

BUYER: SHYAM ENTERPRISES
PAN NO: 615883852
PHONE : 9802319297
ADRESS: LAHAN, SIRAHA, NEPAL


# प्रधानमन्त्री बालेनले सचिवालयबाट माधव खनाललाई हटाए



काठमाडौं, १० साउन। प्रधानमन्त्री बालेन शाहले आफ्नो सचिवालयको टिममा रहेका माधव खनाललाई जिम्मेवारीबाट हटाएका छन्। डेढ महिनाअघिको पासपोर्ट प्रकरण, त्यसपछि उनको भूमिका तथा अन्य वैयक्तिक क्रियाकलाप र भूमिकाको विश्लेषणपछि प्रधानमन्त्री शाहको टोलीले उनलाई टिमबाट बिदा गर्ने निष्कर्ष निकालेको हो।

‘उहाँलाई टिममा राख्दा समस्या हुन्छ र प्रधानमन्त्रीको समग्र टिमको छविमा नै असर पर्छ भन्ने सामूहिक निष्कर्ष थियो,’ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सम्वद्ध स्रोतले भन्यो, ‘त्यसपछि उहाँलाई बोलाएर सम्झाउने र पत्र दिएर बिदा गर्ने सामूहिक सुझावपछि प्रधानमन्त्रीज्यू सहमत हुनुभएको थियो। जिम्मेवारीबाट अलग भएको पत्र दिने निर्देशन आइसकेको छ।’

सिंहदरबार सम्वद्ध स्रोतका अनुसार, प्रधानमन्त्रीको सचिवालयमा रहेका खनालमाथि गत १ असारको पासपोर्ट प्रकरणमा गरेको व्यवहार र भूमिकामाथि प्रश्न उठेको थियो। त्यो दिन राहदानी विभागका अधिकारी र अख्तियारका पदाधिकारीसामु उनी निकै चर्को र उग्र रुपमा प्रस्तुत भएका थिए।

‘त्यो घटनाभन्दा पहिलेका र त्यसपछिका उहाँका केही कुराहरु उजुरीका रुपमा आएका थिए, निरन्तर आचरणको प्रश्न उठेको थियो’ प्रधानमन्त्री कार्यालयसम्वद्ध स्रोतले भन्यो, ‘त्यसैले उहाँलाई बिदा गर्ने कुरा भएको हो। सम्भवतः पत्र हात परिसकेको हुनुपर्छ।’

# चिकित्सकमाथि आक्रमण गर्नेलाई कडा कारबाही गर्न माग

वीरगन्ज, १० साउन। नेपाल चिकित्सक संघले शनिबार वीरगन्जस्थित नारायणी अस्पतालमा कार्यरत मेडिकल अफिसर डा प्रमोद राममाथि आक्रमण गर्नेलाई कडा कारबाहीको माग गरेको छ। संघले विज्ञप्ति जारी गर्दै डा राममाथि शनिबार बेलुका करिब ४०–५० जनाको समूहले मरणासन्न हुनेगरी सांघातिक आक्रमण गरेको जनाउँदै घटनाको भर्त्सना गरेको छ।

शनिबार बिहान अस्पतालको आकस्मिक कक्षमा भर्ना गरिएका मुटुसम्बन्धी समस्याका बिरामी र घटनाको यथार्थ नबुझी अस्पतालको अस्पतालको आकस्मिक कक्षमा तोडफोड गरी आतङ्क सृजना गरिएको र सोही क्रममा डा राममाथि सांघातिक आक्रमण गरिएको संघको भनाइ छ।

संघले भनेको छ, “स्वास्थ्य संस्थाजस्तो संवेदनशील क्षेत्रलाई आतङ्कित पार्नेगरी पठाइएको यस्तो आपराधिक घटनामा संलग्न दोषीहरुलाई अविलम्ब कानुनको दायरामा ल्याई कानुनबमोजिम कडा कारबाही गरी सुरक्षित र भयरहित वातावरणमा स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन संघ नेपाल सरकारसँग जोडदार माग गर्दछ।”

## करले होइन,...

पुँजीमा लगानी, उत्पादनशील उद्यम, नवप्रवर्तन र स्थिर वित्तीय नीतिबाट समृद्ध हुन्छ। नेपालसँग संवैधानिक आधार, संस्थागत संरचना र मानवीय क्षमता छ। अब आवश्यक छ स्पष्ट आर्थिक दर्शन।

नव–समाजवादी पुँजीवाद त्यही सम्भावित मार्ग हो, जहाँ बजारले सम्पत्ति सिर्जना गर्छ, राज्यले अवसर सुरक्षित गर्छ, ऋणले उत्पादन सिर्जना गर्छ र करले नागरिकको क्षमता कमजोर होइन, बलियो बनाउँछ। किनकि अन्ततः करले होइन, उत्पादनले देश बन्छ।

*(डा. कँडेल मेडिकल डाक्टर, जनस्वास्थ्य विशेषज्ञ (इपिडेमियोलोजिस्ट) तथा मानवशास्त्री हुन्। यहाँ व्यक्त विचार लेखकका नितान्त व्यक्तिगत हुन्।) शिलापत्रबाट*

# मधेसमा लागूऔषधविरुद्ध अभियान, २८ सय ११ जना पक्राउ

जनकपुर, १० साउन। प्रतिबन्धित लागूऔषध नियन्त्रणका लागि मधेस प्रदेशमा प्रहरीले विशेष अभियान चलाएपछि लागूऔषध सेवनकर्ता र कारोबारीहरू धमाधम पक्राउ पर्न थालेका छन्। लागूऔषधविरुद्धको अभियानअन्तर्गत प्रहरीले नियमित जाँच गर्न थालेपछि मधेस प्रदेशका आठ वटै जिल्लामा गाँजा, चरेस, अफिम, ब्राउन सुगरलगायत लागूऔषध कारोबारमा संलग्नहरू पक्राउ पर्न थालेका हुन्।

संगठित अपराध लागूऔषधविरुद्ध अभियान चलाएको प्रहरीले मधेस प्रदेशका आठ वटै जिल्लाबाट ठूलो परिमाणमा लागूऔषध पनि बरामद गर्दै आएको छ। मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार बितेका तीन आर्थिक वर्षमा मधेस प्रदेशमा विभिन्न प्रकारका लागूऔषधसहित २८ सय ११ जना पक्राउ परेका छन्। यस्तै, २१ सय २१ वटा लागूऔषध सम्बन्धित मुद्दा दर्ता भएका छन्।

उक्त अवधिमा २५ सय ५४ नेपाली र २५३ भारतीय र एक अन्य मुलुकको नागरिकसहित दुई २८ सय ११ जना पक्राउ परेको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालले जानकारी दिए। गत आर्थिक वर्षमा मधेस प्रदेशमा लागूऔषधसहित प्रहरीले ७८६ नेपाली, ८४ भारतीय र एक विदेशी गरी ८७१ जनालाई पक्राउ गरेको छ भने ६३० वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएको छ।

त्यस अवधिमा १५ हजार ३८२ किलोग्राम गाँजा, ५१६ ग्राम ब्राउन सुगर, २७२ किलोग्राम चरेस, तीन किलोग्राम अफिम, दुई हजार ८३१ ग्राम हिरोइन, चार लाख ७३ हजार ४८५ वटा ट्याब्लेट, २१ सय १८ सिरप र १८ हजार १२५ इन्जेक्सन बरामद भएको प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताए।

अघिल्लो आव २०८१/८२ मा लागूऔषधसहित ८३६ जना पक्राउ पर्दा ५८५ वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएको थियो। त्यस क्रममा १६ हजार ५७३ किलोग्राम गाँजा, ६१ ग्राम ब्राउनसुगर, ५०५ किलो ग्राम चरेस, ४५ किलो ग्राम अफिम, दुई हजार ७०५ ग्राम हिरोइन, तीन लाख ७० हजार ४४२ ट्याब्लेट, सात हजार ५०४ सिरप र ६१ हजार ३३३ इन्जेक्सन बरामद भएको थियो। आव २०८०/८१ मा प्रहरीले मधेस प्रदेशबाट लागूऔषधसहित पक्राउ गरेको थियो भने ७९७ वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएको थियो।

सो आवमा आठ हजार ५३९ किलो गाँजा, ५९४ ग्राम ब्राउन सुगर, १२१ किलो १४६ ग्राम चरेस, एक ग्राम अफिम, एक हजार १३१ ग्राम सात हजार १११ मिलिग्राम हिरोइन, ४९ हजार ८८८ वटा ट्याब्लेट, तीन हजार ४१६ सिरप र ५४ हजार ४०४ इन्जेक्सन बरामद भएको थियो।

खुला सिमानाकाको फाइदा उठाउँदै नेपाल-भारत सीमा जोड्ने विभिन्न नाकाको औषधि पसलहरूबाट सहजै ल्याउने लागूऔषध संघीय राजधानीसम्म पुग्ने गरेका छन्। सीमावर्ती भारतीय बजारमा पुगेर लागूऔषध सेवन र खरिद गरी नेपाल ल्याउने युवाजमात बढ्दो छ। प्रहरीले सीमा नाकामा ओहोरदोहोर गर्ने युवा जमातलाई लक्षित गरेर चेकजाँचलाई कडाइ गरेसँगै अधिकांश युवाको साथबाट केही न केही मात्रामा लागूऔषधका सामग्रीहरु बरामद हुने गरेको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले बताए। लागूऔषध सेवन र कारोबारीको आरोपमा पक्राउ पर्नेमा अधिकांश २० देखि ३० वर्ष उमेर समूहका युवा छन्।

# कांग्रेस र कम्युनिस्टले देशमा भाँडभैलो मच्चाए : उपेन्द्र यादव



जनकपुरधाम, १० साउन। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले कांग्रेस र कम्युनिस्ट पार्टीकै कारण देशमा भाँडभैलो मच्चिएको आरोप लगाएका छन्। हालै नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीबिच प्रदेश सरकारका सबन्धमा भएको सहमतिबारे राखिएको जिज्ञासाको जबाफ दिँदै उनले कांग्रेस र कम्युनिस्टकै कारण लामो समयदेखि देश अस्थिरतामा धकेलिएको टिप्पणी गरे।

अध्यक्ष यादवले भने, भने, 'विगत ४० वर्षदेखि यी दलहरूले के-के गरे, जनतालाई सबै थाहा छैन र ?' ४० वर्ष यता मिलीजुली र भागबन्डाको नाममा ३५ वटा सरकार निर्माण भएको उनको भनाइ छ। 'अहिले पनि त्यही गरिरहेका छन्,' उनले भने, 'जनताको चाहना स्थायी सरकार, विकास निर्माण हो। तर जनताको चाहना उनीहरूलाई वास्ता नै छैन।'

प्रदेश सरकारका बारेमा भएका सहमतिप्रति लक्षित गर्दै अध्यक्ष यादवले अगाडि भने, 'यी दलहरूको खेल सकियोस्, त्यसपछि हामी हाम्रोतर्फबाट के गर्ने भन्नेबारे सोच्छौं।' मधेस प्रदेश सरकारका बारेमा अहिलेसम्म कुनै पनि दलसँग आफ्नो छलफल नभएको पनि उनले प्रस्ट पारे। मधेस प्रदेशमा पुराना तीन दलको गठबन्धन सरकार रहेको र अहिलेसम्म सोही गठबन्धनलाई निरन्तरता दिने उनीहरूको चाहना रहेको जिकिर गर्दै उनले तीन दलको तमासा सकिएपछि आफूले विचार गर्ने प्रस्ट पारे।

शनिबार एमाले र नेकपाबिच विभिन्न पाँच प्रदेशमा सरकार गठनका लागि भागबन्डा भएको छ। मधेस र गण्डकी प्रदेशमा भने अन्य दलहरूको सहयोगमा सरकार बनाउनुपर्ने भएकाले छलफल अगाडि बढाउने निर्णय दुई दलले गरेका छन्। मधेस प्रदेशमा अहिले कांग्रेसका कृष्ण यादवको नेतृत्वमा एमाले र नेकपा सम्मिलित गठबन्धनको सरकार छ। जसपा नेपाल भने प्रतिपक्षमा छ।

# मल किन्न गएका दुई नेपाली अझै एक हप्ता भारतीय जेलमै रहने

काठमाडौं, १० साउन। मल किन्न भारतीय बजार पुगेका दुई नेपाली थुनिएको २६ दिन भइसकेको छ। असार १७ गते पक्राउ परेका बलरा-५, सर्लाहीका सुरेशप्रसाद सिंह र नागेन्द्रप्रसाद सिंह अझै छुटेका छैनन्। उनीहरूलाई असार १८ गते जेल चलान गरिएको थियो। भारतको सीतामढी जिल्लाको सोनबरसाबाट खेतमा हाल्ने डिएपी र युरिया मल सहित पक्राउ परेका उनीहरू एक हप्ता अगावै छुट्ने देखिदैन। रिहाईको माग राखेर दर्ता गत शुक्रबार अदालतमा निवेदन दर्ता भएको सुरेशप्रसादका छोरा अविनाश सिंहले जानकारी दिए।



निवेदनमाथिको सुनुवाई ३१ जुलाई (१५ साउन)का लागि तोकिएको छ। 'वकिलले सुनुवाईपछि रिहा हुने आश्वासन दिनु भएको छ,' अविनाश भन्छन्, 'बुबा र ठूलो बुबा छुट्न ३१ तारिख अर्थात् एक हप्ता अझै कुर्नुपर्ने भयो।' सजिलै मल किन्न नपाउँदा सीमा क्षेत्रका धेरै कृषकहरू भारतीय बजारमा निर्भर हुनु परेको अविनाश बताउँछन्। उनी भन्छन्, 'मल यही उपलब्ध हुने हो भने कोही पनि जोखिम मोलेर सीमापारी मल्ल किन्न जाँदैन।'

मल उपलब्ध गराउन नसके पछि भारत जान बाध्य भएका किसानलाई छुटाउन सरकारले पहल गर्नुपर्ने मानवअधिकारकर्मीहरू बताउँछन्। मधेश मानवअधिकार होमका संस्थापक रवि ठाकुर सिंहद्वयलाई छुटाउन नेपाल सरकारले पहल गर्नुपर्नेमा जोड दिन्छन्। सरकारले मल उपलब्ध गराउन नसकेपछि प्रशासनले सीमा नाकामा अलि खुकुलो गर्ने संकेत गरेकाले किसानहरू ढुक्क भएर भारतीय बजार पुगेको हुनसक्ने ठाकुर बताउँछन्। उनी भन्छन्, 'नेपाल सरकारले चाहने हो भने हाम्रा किसानहरू अनाहकमा त्यसरी थुनिए बस्नु पर्ने थिएन। आफ्नो नागरिकको पक्षमा बोल्न सरकारले खुट्टा कमाउनु भएन।'

# पर्यटन विकासमा धनुषाको योगदान अनुकरणीयःकृषिमन्त्री चौधरी

**विजयकुमार साह**

ढल्केबर, १० साउन। संघीय सरकारकी कृषि, वन तथा वातावरण मन्त्री गीता चौधरीले पर्यटन विकासमा धनुषाको योगदान अनुकरणीय रहेको बताउनुभएको छ। आइतबार धनुषाको धनुषाधामस्थित संरक्षित वन क्षेत्रको स्थलगत अवलोकन तथा धनुष मन्दिरको दर्शनपश्चात सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले जनकपुरधाम र धनुषाधामलगायतका धार्मिक तथा प्राकृतिक सम्पदाले मुलुकको पर्यटन प्रवर्धनमा महत्वपूर्ण योगदान पुर्‍याएको बताउनुभयो।

उहाँले यहाँको धार्मिक तथा प्राकृतिक महत्वलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटनसँग जोड्ने गरी योजना अघि बढाइने उहाँको भनाइ छ। अवलोकनका क्रममा जानकी मन्दिरका महन्थसँग समेत यस विषयमा छलफल भएको बताउँदै धनुषाधामको सम्भावनाबारे पनि थप अध्ययन गरी विकासका कार्यक्रम अघि बढाइने धारण व्यक्त गर्नुभयो। मन्त्री चौधरीले धनुषाधाम क्षेत्रमा प्रस्ताव गरिएको प्राणी उद्यान निर्माणबारे अध्ययनका लागि विज्ञ टोली पठाउने बताउँदै अध्ययन प्रतिवेदनका आधारमा निर्णय लिइने बताउनुभयो।




उहाँले सातै प्रदेशमा एकएक प्राणी उद्यान स्थापना गर्ने सरकारको नीति रहेको उल्लेख गर्दै मधेश प्रदेशका लागि धनुषाधाम उपयुक्त हुन सक्ने संकेत गर्नुभयो मन्त्री चौधरीले भन्नुभयो, "यो देश मानवका लागि मात्र होइन, वन्यजन्तुको पनि साझा बासस्थान हो। वन्यजन्तुको संरक्षण र पर्यावरणीय सन्तुलनका लागि प्राणी उद्यान आवश्यक छ।"

मन्त्री चौधरी राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत धनुषामा सञ्चालित विभिन्न आयोजना तथा केही वन क्षेत्रको स्थलगत अवलोकनका लागि शनिबार यहाँ आउनुभएको हो। स्थलगत अवलोकनका क्रममा प्रतिनिधि सभा सदस्य राजकिशोर महतो, डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहलगायत राष्ट्रिय कृषि आधुनिकीकरणका कर्मचारीको सहभागी हुनुहुन्थ्यो।

# लागुऔषधसहित भारतमा दुईजना पक्राउ

रौतहट, १० साउन। बारा जिल्लासँग सीमा जोडिएको भारतको बिहार राज्यअन्तर्गत पूर्वी चम्पारण (मोतिहारी) को घोडासहन क्षेत्रमा प्रहरीले अन्तर्राष्ट्रिय लागूऔषध तस्करी सञ्जालविरुद्ध कारबाही गर्दै ६ किलो ५९० ग्राम अफिम बरामद गरेको छ। नेपालबाट भारततर्फ तस्करी हुँदै गरेको उक्त अफिमसहित नेपाल र बिहारका दुई महिलालाई शनिबार साँझ पक्राउ गरिएको हो।

भारतीय प्रहरीका अनुसार नेपालबाट मुजफ्फरपुरतर्फ जाँदै गरेको यात्रुवाहक बसमा घोडासहन बस स्ट्यान्डमा गरिएको सघन जाँचका क्रममा नौ वटा छुट्टाछुट्टै प्याकेटमा लुकाएर राखिएको अफिम बरामद गरिएको हो। बरामद अफिमको अन्तर्राष्ट्रिय बजार मूल्य करिब ५० लाख भारतीय रुपैयाँ रहेको जनाइएको छ। पक्राउ पर्नेमा बिहारको सुगौली निवासी सीमा देवी र नेपालको बारा जिल्ला, कलैया-बैराठपुर निवासी बदामी देवी रहेका छन्।

भारतीय सञ्चारमाध्यमका अनुसार प्रारम्भिक अनुसन्धानका क्रममा दुवैले लागूऔषध ओसारपसारमा संलग्न रहेको स्वीकार गरेका छन्। उनीहरूले नेपालबाट मोतिहारी हुँदै मुजफ्फरपुर पुर्‍याउने योजनाअनुसार अफिम बोकेको खुलेको छ। घटनापछि प्रहरीले तस्करी सञ्जालका मुख्य योजनाकार तथा मुजफ्फरपुरस्थित रिसिभरको खोजी तीव्र पारेको जनाएको छ।

मोतिहारी प्रहरीले पछिल्लो समय नेपाल-भारत सीमा क्षेत्रमा लागूऔषध तस्करी नियन्त्रणका लागि निगरानी र चेकजाँच थप कडा बनाउँदै आएको जनाएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)